सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सावलाखु, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

सूचना! सूचना!! सूचना!!

विषयः घरभाडा सम्बन्धमा।

प्रथम पटक प्रकाशित मितिः २०७७।१२।०२

यस गाउँपालिकामा नागरिक आरोग्य सेवा संचालनको लागि घर बहालमा लिनु पर्ने भएकोले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही आफ्नो घर बहालमा दिन चाहने घर धनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्रमा कार्यालय समय भित्र आफुले बहालमा दिन चाहेको घरको प्रस्तावित रकम उल्लेख गरी रीत पुर्वकको सिलबन्दी निवेदन यस कार्यालयमा दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. घर बहाल दिन इच्छुक व्यक्ति वा संस्थाले जग्गाको जग्गा धनी प्रमाण प्रतिलिपी वा हकभोक देखिने कागजात हालसम्मको मालपोत कर तिरेको कागजात समेत पेश गर्नु पर्नेछ।
२. व्यक्ति वा संस्थाको दुवैको हकमा घरको एकाधिकार एकलौटी रहेको हुनुपर्नेछ। संस्थाको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ पेश गर्नुपर्नेछ।
३. बहालमा दिने घर सिदिङ्वा गाउँपालिकाको कार्यालय आसपासमा हुनुपर्नेछ।
४. कम्तीमा ८*१० फीट क्षेत्रफल भएको पक्की घर भएको २ वटा कोठा हुनुपर्नेछ।
५. पानी, विजुली, शौचालयको यथोचित व्यवस्था भएको हुनुपर्नेछ।
६. घरभाडा रकम धनि र यस कार्यालयबीच सम्झौता भएको ६ महिना अवधि सम्म मान्य हुनेछ।
७. घरको मर्मत संभार एवम् व्यवस्थापन सम्बन्धित घर धनीले नै गर्नुपर्नेछ।
८. गा.पा. ले पारित गरेको घरबहाल कर बमोजिम कट्टी गरी बाँकी रकम भुक्तानी गरिनेछ।
९. अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ संशोधित र सार्वजनिक खरिद नियमावली २०६४ संशोधित बमोजिम हुनेछ।
१०. विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

७७/१२/०२

दिनेश ठाकुर

नि.प्रमुख प्रशासकीय अधिकृत